# दुध उत्पादन र बजारीकरणको आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०७६

कावासोती नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर नवलपरासी

२०७६

# दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०७६

**प्रस्तावना**

कावासोती नगरपालिकामा पशुजन्य उत्पादन वृद्धि गर्न त्यसको गुणस्तर कायम राख्न, प्रशोधन र बजारीकरण गर्न आवश्यक पर्ने लगानीहरुमा अनुदान दिई कृषकको जिवनस्तर उकास्नका लागि दुग्ध उत्पादक सहकारी संस्थामार्फत दुध बिक्री गर्ने सदस्य कृषकहरुलाई उत्पादनका परिमाणका आधारित रही अनुदान उपलब्ध गराउन आवश्यक देखिएकोले स्थानिय तहको दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र सञ्चालन वाञ्छनीय भएकाले,

कावासोती नगरपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ बमोजिम कावासोती नगर कार्यपालिकाले यो कार्यविधि निर्माण गरि लागु गरेको छ ।

**१) प्रारम्भिकः**

**क) संक्षिप्त नाम र प्रारम्भः**

१.यो कार्यविधिको नाम "दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०७६" रहेको छ ।

२. यो कार्यविधि कावासोती नगरपालिका, नगर कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२) परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "नगरपालिका" भन्नाले कावासोती नगरपालिका सम्झनु पर्नेछ ।

२. "शाखा" भन्नाले कावासोती नगरपालिका पशु सेवा उपशाखा सम्झनु पर्नेछ ।

३. "कार्यविधि" भन्नाले "दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०७६" सम्झनु पर्नेछ ।

**३) उद्देश्यहरुः**

१) अनुदान वितरण लाई परिणाममूखी (Output Oriented ) बनाउने।

२)दूध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठीत एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने।

३) अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने ।

४) साना कृषकहरुको समेत दुग्ध उत्पादन संगठीत बजारमा प्रवाह गर्ने ।

## ४) कार्य संचालन प्रकृयाः

१. नगरपालिकाले उक्त अनुदान कार्यक्रममा दुग्ध उत्पादक सहकारी संस्थाहरुका लागि प्रस्ताव निवेदनआव्हान (अनुसूचि–१ बमोजिम) गर्नेछ ।

२. यस कार्यक्रममा सम्मिलित हुन बुँदा नं. ४.३ बमोजिम मापदण्ड पुरा गरेका ईच्छुक सहकारीले तोकिएको म्याद भित्र अनुसूचि-२ बमोजिमको निवेदन सम्बन्धित कार्यालयमा दिनुपर्नेछ ।

३. सहकारीको मापदण्ड

क) दैनिक कम्तिमा १५० लिटर र वार्षिक कम्तिमा २०० दिनसम्म दूधको कारोवार गर्ने गरेको ।

ख) दैनिक संकलित दूध, दुग्ध उत्पादक सहकारी संस्था आफैले प्रशोधन गरी वा उद्योगलाई बिक्री गरी दूध तथा दुग्धजन्य पद्धार्थको बेचबिखनको प्रबन्ध गरेको ।

ग) नियमित रुपमा साधारण सभा र लेखा परिक्षण गर्ने गरेको ।

घ) स्थायी लेखा नम्बर प्राप्त गरेको ।

ङ) सहकारीमा आवद्ध सबै कृषकहरुले पशु विमा गरेको हुनुपर्नेछ ।

च) सहकारीमा आवद्ध सबै कृषकहरुको फार्ममा जैविक सूरक्षा विधि अवलम्वन गरेको हुनुपर्नेछ ।

छ) सहकारीले कारोवार गर्ने गरेको दुधको गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनुपर्नेछ ।

ज)सम्बन्धित सहकारीले आफुमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरणको मापदण्ड बनाई पेश गर्नुपर्नेछ । अनुदान वितरण गर्दा कृषक नगरपालिका भित्रका हुनुपर्नेछ।

झ) सहकारी संस्थाहरुले संस्थागत रुपमा दुध खरिद बिक्री गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

४. शाखालेनगरपालिका भित्रबाट प्राप्त भएका मध्ये न्यूनतम मापदण्ड पुरा गरे नगरेकोलाई प्रथम चरणको छनौट गरी प्राथमिकतामा राख्नु पर्नेछ ।

५. सहकारी संस्थाका आवेदनरप्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपसिल अनुसारको मूल्यांकन समिति रहनेछ ।

तपशिल

| | |
|---|---|
| नगरप्रमुख | संयोजक |
| नगर उपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| आर्थिक विकास समितिको संयोजक | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| सहकारी शाखाका अधिकृत/ उपशाखा प्रमुख | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

६.उपदफा ५ अनुसारको मूल्यांकन समितिले पर्न आएका निवेदनहरुको अनुसूचि–३ अनुसारको आधारमा मूल्यांकन गरी अनुदान उपलब्ध गराउन सिफारिस गर्नेछ ।

७.अनुदानको लागि छनौट भएका दुग्ध उत्पादक सहकारी संस्थासंग कार्यालयले अनुसूची–४ बमोजिम सम्झौता गर्नेछ ।

८.सम्झौतापछि छनौट भएका सहकारीहरुलाई विनियोजित बजेटको परिधीभित्र रही चौमासिक रुपमा सहकारीको बैंक खातामा अनुदान रकम उपलब्ध गराउने छ ।

९. सहकारीले आफुमा आवद्ध मापदण्ड पुरा गरेका कृषकहरुलाई मापदण्ड बमोजिम अनुदान रकम सम्बन्धित कृषकको कुनै एक बैंक वावित्तिय संस्थामा रहेको खातामा जम्मा गरेको प्रमाण सहितको पूर्ण विवरण नगरपालिकामा रकम उपलब्ध भएको ७ दिन भित्र पेश गर्नु पर्नेछ ।

१०.सहकारीले आफुमा आवद्ध कृषकहरुकोनागरिकता र सम्बन्धित वडाको सिफारिस नगरपालिकामा बुझाउनु पर्नेछ।

५) दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यान्वयनको लागि कार्यक्रमको अनुगमन एवं प्रभावकारिता अध्ययन र प्रतिवेदन अनुसूचि–५ बमोजिम गराउनु पर्नेछ ।

६) अनुदानको लेखाः नेपाल सरकारको तोके अनुसारको ढाँचामा लेखा राख्रे र लेखापरिक्षण गराईने।

७) अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः यस कार्यक्रमको अनुगमन पशु सेवा उपशाखाले गर्नेछ।

८) थपघट वा हेरफेर गर्न सक्ने

१.यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरकार्यपालिकालेआवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरकार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

३.योकार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसुचीहरुको निर्माण तथा परिमार्जन नगरकार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूची–१

## दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा कृषकहरुलाई अनुदान वितरण गर्न इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुका लागि प्रस्ताव आव्हान

कावासोती नगरपालिकाको को आ.व. २०७६/०७७ को वार्षिक स्विकृत कार्यक्रम अनुसार दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम रहेकोले सो कार्यक्रममा आफू मातहतका दुग्ध उत्पादक सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अनुसूची—२ अनुसारको निवेदन कावासोती नगरपालिकामा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

विस्तृत जानकारीको लागि कावासोती नगरपालिका पशु सेवा उपशाखामा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

कावासोती नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

## अनुसूची–२

## दुग्ध उत्पादक सहकरी संस्थाले कावासोती नगरपालिका पशु सेवा उपशाखामा दिने आवेदन पत्रको ढाँचा

मितिः

श्री शाखा प्रमुख ज्यू,
पशुपन्छी विकास शाखा
कावासोती नगरपालिका

विषयः दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति ............................ मा प्रकाशित सूचना अनुसार यस दु.उ.स. संस्था लि. ले उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छौं ।

तपसिल

१) कूल सदस्य संख्याः ......................
२) गत वर्ष कूल दूध संकलन लिः (औषत दैनिक ....... लि., मासिक....... लि. र वार्षिक ....... लि.)
३) गत वर्ष कूल अधिकतम दूध संकलनः ....... महिना, .............. लि.
४) गत वर्ष कूल न्यूनतम दूध संकलनः ....... महिना, .............. लि.
५) संस्थाबाट संकलित दूध बिक्री गरिने संस्थारसंस्थानरआयोजना आदिको नाम र ठेगानाः
क) ............................ ख) ............................
६) मिल्क एनालाईजरको प्रयोग भएको नभएकोः
७) वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाणः
८) जम्मा संकलन केन्द्र संख्याः..............
९) रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भएको/नभएकोः..............
१०) दुधको गुणस्तर परिक्षण गरी रेकर्ड राख्ने/जानकारी दिने गरेको/नगरेकोः ..............
११) आफ्नो चिलिङ सेन्टर भएको/नभएकोः..............
१२) दूध विविधिकरण र विक्री वितरण गरेको/नगरेकोः..............
क) गरेको भए कुन/कुन पदार्थ बनाउने गरिन्छ .............. दैनिक औषत परिमाण ............
ख) विक्री गर्ने बजार/ स्थल ............
१३) सहकारी दर्ता/नविकरणको प्रमाण पत्रः..............
१४) कुनै प्रकारको कार्वाहीमा नपरेको वारेको स्वघोषणाः..............
१५) कर चुक्ता प्रमाण पत्र
१६) आवद्ध कृषकको नागरिकता र वडाको सिफारिस
१७) कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड

## अनुसूची ३

## कार्यक्रम संचालनका लागि संस्थाको छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क्र. सं | द. नं | आवेदक संस्था को नाम | ठेगाना | मिल्क एनालाईजरको प्रयोग (२५) | दुग्ध उत्पादक कृषक सदस्य संख्या (२५)* | दैनिक दुध संकलन र प्रशोधन गरेको परिमाण लिटर (२५)** | सरसफाई र अभिलेख व्यवस्थापन (२५) | कुल प्राप्तांक (१०० ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

* ५० सम्म सदस्य संख्या हुने संस्थालाई २० र ५० भन्दा बढी सदस्य संख्या हुने संस्थालाई २५ अंक दिनु पर्नेछ ।

** दैनिक कम्तिमा १५० लिटर देखि ५०० लिटरसम्म दुध संकलन गर्ने सहकारीलाई २० अंक र ५०० लिटर देखि माथि दुध संकलन गर्ने सहकारी संस्थालाई २५ अंक दिनु पर्नेछ ।

मूल्यांकन समितिका पदाधिकारीहरुकोः

नाम थरः पदः कार्यालय/ठेगाना दस्तखत

१

२

३

## अनुसूची ४

## नगरपालिका र दुग्ध उत्पादक सहकारी संस्था विच हुने सम्झौताको ढाँचा

कावासोती नगरपालिका, ............. (यसपछि प्रथम पक्ष भनिने) र दुग्ध उत्पादक सहकारी संस्था ............. (यसपछि दोश्रो पक्ष भनिने) विच दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा तपशिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षिय सम्झौता गरिएको छ ।

**तपसिल**

१.दोश्रो पक्षलाई पहिलो पक्षले बैंक खातामा प्रत्येक चौमासिक अवधिमा एक पटकका दरले वर्षमा ३ पटक स्विकृत भए अनुसारको अनुदान रकम जम्मा गरिदिने छ ।

२.दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमित रुपमा पशु खोप लगाउने, परजिवी नियन्त्रण गर्ने, थुनेलो लगायत अन्य रोग लागेको र औषधि उपचार गरिरहेको अवस्थाको अखाद्य दुध बिक्री वितरणमा रोक लगाउने, फार्ममा जैविक सूरक्षाको व्यवस्था मिलाउने, तोकिए अनुसारको सफा दुधको उत्पादन, ढुवानी लगायतका गुणस्तर, फ्याट, एस.एन.एफ. र अन्य मापदण्ड पुरा गर्न लगाउने, सुधारिएको गोठको व्यवस्था मिलाउने लगायतका कार्यहरु गराउनु पर्नेछ ।

३.दोश्रो पक्षले उत्पादन स्थलदेखि आफुले बिक्री गर्ने स्थानसम्म सफा, स्वस्थ्य र गुणस्तरयुक्त दुधको कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ ।

४.दोश्रो पक्षले आफुमा आवद्ध भएका कृषकहरुलाई छनौटको मापदण्ड बनाई मापदण्ड पुरा गरेका कृषकहरुलाई अनुदान वितरण गर्नु पर्नेछ ।

५.दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भंगगरी प्रचलित कानून बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

६.यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।

| **दोश्रो पक्ष** | **प्रथम पक्ष** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |
| रोहवर | रोहवर |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः पदः |
| पदः | संस्थाः |
| कार्यालयः | |

इति सम्बत् ...... साल ....... महिना ......गते रोज ....... शुभम् ।

## अनुसूची–५

## आधारभुत सर्भेक्षणका लागी नमुना फारम

अनुदानग्राहीको नाम, ठेगानाः

परिवार संख्याः

पशु तथा उत्पादन बिबरणः

| बिबरण | गाई | | भैसी | |
|---|---|---|---|---|
| | उन्नत | स्थानीय | उन्नत | स्थानीय |
| संख्या | | | | |
| कुल दुध उत्पादन लि. | | | | |
| दैनिक कुल दुध बिक्री लि. | | | | |
| दैनिक बिक्री हुने दिन संख्या | | | | |
| औसत फयाट प्रतिशत | | | | |
| औसत SNF% | | | | |
| औसत मूल्य प्रति लिटर | | | | |

- गोठको अबस्थाः
- जमिन कठठा वा रोपनीमाः
- घांस लगाएको क्षेत्रफल.......... घांसको किसिम........... परिमाण
- सिचाइको ब्यबस्था........
- स्वास्थ्य सम्बन्धी मुख्य समस्याहरु...........
- पशुधनको क्षती .........
- खोपको प्रयोग भउको भए कुन खोप.... कहिले.......
- परजीबि बिरुद्धको औषधी......के..........कहिले.........
- पशु बिमाको बिबरण................
- क्षतिपूर्ति लिएको भए बिबरण.............

गाई भैसी फार्ममा भएको लाभ लागत बिबरण........

**खर्चः**

| विवरण | परिमाण | लागत रु | कैफियत |
|---|---|---|---|
| पशु खरिद | | | |
| गोठ, तथा औजार | | | |
| आहारा ज्यामी | | | |
| दुधको बजारीकरण | | | |
| अन्य | | | |
| जम्मा | | | |

**आम्दानीः**

| विवरण | परिमाण | आम्दानी रु | कैफियत |
|---|---|---|---|
| दुध बिक्री | | | |
| बाच्छाबाच्छी, पाडापाडी बिक्री | | | |
| मल बिक्री | | | |
| **जम्मा** | | | |

अन्य प्रति लिटर दुध उत्पादन लागतः

सबभन्दा बढी दुध बिकी गरिने महिनाः

सबभन्दा कम दुध बिक्री हुने महिनाः

अनुदान सम्बन्धि प्राप्त गरेको भए के......कति......कहाँबाट......

अनुदान लगानी भएको बिबरण......

अनुदान सम्बन्धी धारणा.........

लगानिमा दिइने अनुदान र उत्पादनमा दिइने अनुदान बारे अनुदान सम्बन्धी सुझाब..............

अनुदानबाट प्राप्त आम्दानी.........

अनुदानबाट प्राप्त सन्तुष्टी......धेरै........ठिक्क.......कम...... (यो नमूना मात्र हो, बिभिन्न समूह तथा व्यक्तिसंग अन्तबार्ता तथा सुचना संकलन गर्दा परामर्शदाताले पूर्ण बिबरण तयार पारी अध्ययन गर्ने छन्)